# पार्टी हुर्काउने हातहरू



गुरूप्रसाद बराल
केन्द्रीय कमिटी उपाध्यक्ष

नेपाल कम्युनिस्ट पार्टीले विभिन्न कालखण्डमा भूमिगत हुनुपऱ्यो। राणा शासन र निरङ्कुश पञ्चायतका अनेक निर्ममता खेप्नुपऱ्यो। विचारको आँगनमा खाइखेली गरेर पार्टी हुर्किन पाएन। २०४६ सालसम्म पार्टीले लुकीछिपी राजनीतिक गतिविधि गरिरह्यो। प्रशासनिक सास्तीको सकस पटक–पटक पिइरह्यो। तर निरङ्कुश पञ्चायती शासकहरूले लगाएको कडा प्रतिबन्धमा पनि पार्टी खुम्चिएन। विभिन्न अप्ठ्याराहरूलाई सामना गर्दै कम्युनिस्ट विचारलाई अगाडि बढाइरह्यो। त्यो सबै पार्टी हुर्काउने हातहरूले दिएको साथले सम्भव भएको थियो। सेल्टरदाताहरूले दिएको सुरक्षित रातले सम्भव भएको थियो।

आश्रय लिनु र दिनु रहरको कुरो थिएन। पार्टीको नियम पनि थिएन। यो निरङ्कुशता झेल्ने वैकल्पिक बाटो थियो। तत्कालीन परिस्थितिको अनिवार्य बाध्यता थियो।

२०३४ सालदेखि पार्टी एकीकरणको महाअभियान सुरु भयो। २०३८ सालसम्म आइपुग्दा सानाठूला धेरै समूहहरूलाई एकीकृत गर्नु थियो। त्यो काम गर्न प्रशिक्षण तथा राजनीतिक बहसको आवश्यकता पर्‍यो। त्यसैले बैठक, भेला गर्ने ठाउँ र गतिला सेल्टरहरू बनाउनु आवश्यक भयो।

हामीले त्यही प्रयास गर्न थाल्यौँ। त्यसमा सफलता पनि हात पाऱ्यौँ। पार्टीको कडा भूमिगत अवस्थामा पार्टी र नेताहरू बचाउने काम निकै मुस्किल थियो। तर असजिलोभित्र सजिलो मानेर सबैले काम गऱ्यौँ। कुन घरलाई सेल्टर बनाउन सकिन्छ, नेतालाई कहाँ लगेर लुकाउन सकिन्छ, बैठक र भेलाको आयोजना कहाँ गर्न सकिन्छ

भन्नेजस्ता कुरामा हामी विचार गरिरहन्थ्यौँ। त्यही अनुरूप लक्षित घरलाई पार्टी सम्पर्कमा ल्याउने गर्थ्यौं र सेल्टर लिने ठाउँ बनाउँथ्यौँ। सुरक्षाका कारणले विशेष गरेर जङ्गल र नदीछेउका घरहरूलाई रोज्थ्यौँ। त्यसै अनुरूप बक्राहा नदीको बगरमा दलबहादुर धामीको घर थियो। त्यसलाई पार्टी सम्पर्कमा ल्याएर सेल्टर बनाएका थियौँ।

यसरी बगरछेउ वा जङ्गलछेउका घरमा नेताहरूलाई लगेर राख्दा प्रहरीले थाहा पाउँदैनथे। उनीहरूको ध्यान त्यस्ता घरमा जाँदैनथ्यो। हामीलाई पनि बगरैबगर हिँडेर गन्तव्यमा पुग्न सजिलो हुन्थ्यो। केही परे जङ्गलतिर भाग्न पनि सजिलो हुन्थ्यो।

त्यतिबेला मूल बाटो हिँड्ने सम्भावना नै थिएन। चोर बाटो, बगरको बाटो, कि त जङ्गलको बाटो नेताहरूलाई ल्याउने र लैजाने गर्थ्यौं। बाटाका काँडाहरूले हाम्रा पैतालाहरूलाई चस्स पारेर घोच्थे। आत्था पनि नभनी साउतीको चालमा हिँड्थ्यौँ। त्यति गर्दा पनि पञ्च, पुलिस, प्रशासन र सीआईडीहरूसँग जोगिन हामीलाई हम्मे पर्थ्यो। गाउँमा कुकुरले पनि त्यत्तिकै दुःख दिन्थे। राती हुँदो हामीलाई हिँडेको देख्यो कि कुकुर भुकेर थर्काइहाल्थे। तिनको आवाजले शत्रु ब्यूँझेलान् कि भन्ने डर हुन्थ्यो। राजनीतिक सङ्घर्षको कुनै मतलब कुकुरहरूलाई भए पो !

बिस्तारै पार्टीको काम माथि आउँदै गयो। हाम्रो ध्यान निरङ्कुश राजतन्त्र र पञ्चायती व्यवस्थाविरुद्धको विद्रोहमा गयो।

मोरङमा पार्टी हुर्काउने हातहरू धेरै छन्। सेल्टरदाता र उहाँहरूले दिएका बिर्सिनसक्नुका स्नेही सम्झनाहरू पनि धेरै छन्। सेल्टर घरभित्र घटेका अविस्मरणीय घटनाहरू प्रशस्त छन्। ती सबै कुराहरू यहाँ राख्न सम्भव छैन। त्यसैले प्रतिनिधिमूलक सेल्टरघर र तिनीसँग जोडिएका केही प्रसङ्गहरू मात्र यहाँ राखेको छु।

## शैशवकालमा पार्टी हुर्काउने घर

महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पसको दक्षिणपट्टि, करिब तीन सय मिटर टाढा एउटा पीपलको बोट थियो। त्यसैको छहारीमा टायली छानो भएको सानो तीनकोठे घर थियो। त्यहाँ दुई दाजुभाइ बालकृष्ण र रामप्रसाद देवकोटा डेरा गरेर बस्नुहुन्थ्यो। उहाँहरू राजनीतिक, वैचारिक तथा सङ्गठनात्मक गतिविधिका सूत्रधार हुनुहुन्थ्यो। निष्ठाको राजनीतिलाई आदर्श मान्नुहुन्थ्यो। उहाँहरू पार्टीका भरपर्दा कार्यकर्ता हुनुहुन्थ्यो।

२०३२ चैत २४/२५ गते कोके स्थापना भयो। त्यसपछि पार्टीले सम्पर्क सूत्रका काम त्यही छाप्रोबाट गऱ्यो। त्यो घर ठूलो र आकर्षक नभएकाले मान्छेहरूका आँखा

त्यति पर्दैनथे । तर पनि आश्रयस्थललाई प्रहरी प्रशासनको आँखाबाट जोगाउन सबै प्रकारका सतर्कता अपनाइएको थियो । महत्त्वका हिसाबले भन्दा तत्कालीन अवस्थामा त्यो घर पार्टी हेडक्वार्टरजस्तै थियो ।

त्यस घरका धनी महन्ती साह सोनार नामका व्यक्ति हुनुहुन्थ्यो । उहाँले पार्टीकै लागि भनेर देवकोटा परिवारलाई १ सय ५० रुपैयाँमा भाडामा दिनुभएको थियो । एक किसिमले भन्ने हो भने भाडा त एउटा बहाना थियो । पार्टीकै योजनामा प्रबन्ध गरिएको त्यो सेल्टर–घर थियो । त्यस घरले पनि नेपाली जनताको मुक्ति आन्दोलनका सपनाहरू बोकेर बसेको थियो । त्यसैले हरतरहको त्याग गर्न तयार थियो । त्यसले पार्टीको शैशवकाललाई हुर्कायो ।

पूर्वी पहाडको इलाम, ताप्लेजुङ, सङ्खुवासभा, मोरङ, सुनसरी र झापा जिल्लाहरूका भूमिगत गतिविधिहरू त्यही सेल्टरबाट निर्देशित हुन्थे । मदन भण्डारीका उपनामहरू सागर, श्वेतशार्दुल, एसएस र बर्बरिकलाई जोगाउने, देशदेशान्तर र भारत प्रवासबाट आउने पार्टीका ठूला नेताहरूलाई संरक्षण दिने विराटनगरमा त्यही एउटा आश्रयस्थल थियो ।

म त्यतिखेर मोरङ जिल्ला पार्टीको सदस्य थिएँ । त्यस घरमा म पार्टी सामग्री पुऱ्याउन गइरहन्थेँ । पार्टी सम्पर्क गराउन नेताहरू पनि लिएर जान्थेँ । भोकाएर पुग्दा रातमास पनि निद्राबाट उठेर देवकोटा परिवारका बुहारीहरू सिर्जना र इन्द्रकुमारीले खड्कुलामा भात पकाएर खुवाउनु हुन्थ्यो । उहाँहरूको चुलोमा एक महिनामै डेढ क्विन्टल चामल पाक्थ्यो । मैले पनि त्यो घरमा धेरैपटक भान्सा गरेको छु । देवकोटा परिवार हुनेखाने थिएन । उहाँहरू प्रावि शिक्षक हुनुहुन्थ्यो । तलब ४ सय ५० रुपैयाँ थियो । सेल्टर खर्च धान्न उहाँहरू ट्यूसन पनि पढाउनु हुन्थ्यो ।

त्यतिखेरका हाम्रा सेल्टरदाताहरू प्रायः खेतीकिसानी गर्थे । कोहीकोही मजदुरी पनि गर्थे । त्यसैले हुनेखाने हुँदैनथे । कतिपय सेल्टर–घर त हुँदा खाने मात्रै पनि थिए । तर पनि पेट काटेर हामीलाई दाल–भात खुवाउँथे । घरमा गतिलो ओड्ने ओछ्याउने केही हुँदैनथ्यो । जाडोको ठिहीमा आफू गुन्द्रीमाथि तन्ना ओडेर सुत्थे । हामीलाई रुईको डसनामा सिरक ओढाएर सुताउँथे । प्रहरीको पक्राउमा नेताहरू नपरुन् भनेर रातभर अनिँदो बस्थे । यस्तो अवस्थामा हाम्रो मन रुन्थ्यो । त्यो गुन कसरी तिर्नु भन्ने जस्तो हुन्थ्यो । देवकोटा परिवारले लगाएको गुन पनि तिरी नसक्नुकै थियो ।

त्यतिखेरकै कुरा हो, प्यालिस्टाइनी मुक्तिमोर्चा, फिलिपिनो कम्युनिस्ट पार्टीहरूले लिएको आत्मनिर्भरमुखी सिकाइ हाम्रो पार्टीले पनि अनुशरण गर्‍यो। मोरङ जिल्ला पार्टीले १३ हजारमा ६ वटा रिक्सा किनेर मजदुरलाई भाडामा चलाउन दियो। प्रतिरिक्सा ५ रुपैयाँका दरले प्रतिदिन ३० रुपैयाँ जम्मा हुन्थ्यो। त्यही पैसाले जेनतेन भूमिगत नेताहरूको आधारभूत खर्च धानिन्थ्यो।

विराटनगरकै तिनटोलियामा कोशी मसी उद्योग पनि सञ्चालित थियो। त्यस उद्योगले कमाएको पैसा पनि पार्टीको कोषमा जम्मा हुन्थ्यो। हरेक वर्ष देउसीभैलो खेलेर, पार्टी सदस्यहरूबाट नियमित मुठीदान लिएर, महिला कमरेडहरूले पेवा कुखुरा पालेर पनि खर्च जुटाउने काम हुन्थ्यो। त्यतिखेर जिल्लाभरि नै सांस्कृतिक फाँटका साथीहरूको सहयोगमा देउसीभैलो खेलिन्थ्यो। देउसीभैलोले संस्कृतिको जगेर्ना हुन्थ्यो। जनचेतनाको विस्तार हुन्थ्यो र आर्थिक सङ्कलन पनि हुन्थ्यो।

त्यस सेल्टरमा मदन भण्डारी, जीवराज आश्रित, माधव नेपाल, प्रदीप नेपाल, चित्र निरौला, विद्या भण्डारी लगायतका नेताहरू बस्नुहुन्थ्यो। कहिलेकाहीँ त कोठामा मान्छे अटिनअटी हुन्थे। सुत्ने ठाउँ पुग्दैनथ्यो। आफूलाई लुगाझैँ पट्याएर ठूलो ज्यान भएका कमरेडहरू पनि साना भएर सुत्नुहुन्थ्यो। उखरमाउलो गर्मी हुँदा आँगनको पीपलले सुसाएर शीतल पारिदिन्थ्यो। त्यो परिवारले झैँ त्यस पीपलको बोटले पनि पार्टीलाई गुन लगाएको छ। जननेता मदन र विद्याको विवाह पनि देवकोटाहरूकै डेरामा भएको थियो।

मान्छे धेरै हुँदा ट्वाइलेट जान असजिलो हुन्थ्यो। दिसापिसाब जानेको जतिखेरै ट्राफिक जाम हुन्थ्यो। ठाउँ खुला भए पनि शौचका लागि बाहिर निस्कन मिल्दैनथ्यो। पञ्च प्रशासनले दपेटी हाल्थे। धन्न, घरछेउमा पुरानो टिनले बारेको एउटा शौचालय थियो। तर त्यसमा ढोका थिएन। त्यसको सट्टामा बोरा झुण्ड्याइएको थियो। लज्जामय घटना नघटोस् भनेर गीत गुनगुनाउँदै बस्नुपर्थ्यो। कि त तुर्लुङ्ग झुण्डिएको बोरा समाएर बस्नुपर्थ्यो।

पार्टीका भूमिगत मुखपत्र 'वर्ग संघर्ष' तथा राजनीतिक प्रकाशन 'मुक्तिमोर्चा' लगायतका प्रकाशनहरूको तयारी त्यहीँ हुन्थ्यो। बनारसबाट छापिएर पनि त्यहीँ आउँथ्यो। वितरण पनि त्यहीँबाट हुन्थ्यो। पार्टीको पूर्वी कमाण्डका सबै क्षेत्रहरूमा पुर्‍याउने अभिभारासमेत उक्त सेल्टरकै थियो। सबै चिठीपत्र र अन्तरपार्टी निर्देशनहरूलाई सञ्चार गराउने हुलाकी सञ्जालको सञ्चालन पनि त्यहीँबाट हुन्थ्यो।

पार्टी हुर्किनुमा सबै आश्रयदाताहरूको ठूलो योगदान छ। त्यसैले म सेल्टरदाताहरूलाई पार्टीका बाआमा मान्छु र उहाँहरूको घरलाई मूलघर ठान्छु। त्यस्तै बालकृष्ण देवकोटा (बीके) र उहाँका भाइ रामप्रसादको त्यो डेरा पनि पार्टीको मूलघर नै थियो। पार्टीको शैशवकाललाई हुर्काउने देवकोटा परिवारलाई जति सम्मान गरे पनि थोरै हुन्छ।

**पार्टी जन्माउने आधारभूमि इटहरा**

इटहरा मोरङको पूर्व–दक्षिणमा पर्ने क्षेत्र हो। त्यहीँ २०३५ पुसमा नेकपा (माले) गठन भयो। त्यसका लागि ११ पुसबाटै अखिल नेपाल कम्युनिस्ट क्रान्तिकारी को–अर्डिनेसनको सम्मेलन भयो। त्यसअघि देशैभरि छरिएर काम गरिरहेका कम्युनिस्ट समूहहरूलाई एउटै सूत्रमा बाँध्ने काम कोकेले गर्दै थियो। २०३५ सालमा आइपुग्दा त्यो अवस्था परिपक्व बन्यो। त्यसपछि मदन भण्डारीलाई पार्टीले राष्ट्रिय सम्मेलनको आयोजनाका लागि स्थान छनोट र व्यवस्थापनको जिम्मेवारी दियो।

त्यतिखेर कडा भूमिगत शैली अपनाउँदै सम्मेलनको आयोजना गर्नुपर्ने अवस्था थियो। प्रहरी प्रशासन, मण्डले, पञ्चहरूको निगरानी असाध्यै थियो। तिनका आँखा छलेर तोकेको जिम्मेवारी पूरा गर्ने कुरा चानचुने थिएन। मदनले भुवनसिंह राई, देवी बराल, मधुसूदन न्यौपाने, कुमार निरौला र म लगायत दर्जनौँ नेता–कार्यकर्तालाई त्यस कामका लागि खटाउनु भयो।

मेरो जिम्मेवारी उत्तरी क्षेत्रबाट राजमार्ग हुँदै आउने नेताहरूलाई सुरक्षा र सम्पर्क दिने र आश्रयस्थलसम्म पुऱ्याउने थियो। तर मलाई कुन स्तरको बैठकका लागि क–कसलाई सुरक्षा र सम्पर्कको काम गर्दैछु भन्ने थाहा थिएन। बस्, सम्मेलन हुँदै गरेको अलिकति सङ्केत मात्रै थियो।

त्यतिखेरकै कुरा हो, इटहरा सातमेढीको मङ्गलबारे बजारमा मदनले किनमेल गरेको लीला पोखरेलले देख्नुभएछ। उहाँ मदनको आफ्नै कान्छा मामा हुनुहुन्थ्यो।

एक दिन मलाई दुलारीमा भेटेर लीलाले सोध्नुभयो– 'इटहरामा पार्टीको के कार्यक्रम छ हौ ?'

अचम्म मानेजस्तो गरेर मैले भनेँ– 'के कार्यक्रम छ र कमरेड, मलाई केही कुरा थाहा छैन त।'

उहाँले फेरि भन्नुभयो– ‘मदनले सातमेडीको बजारमा आलु र अरु तरकारी बोराबोरै किनेको देखेँ। घरकै लागि भए त त्यत्रो नचाहिनुपर्ने हो। फेरि मदन आफैँले किन्नु नपर्ने हो। किनाइ त वनभोजलाई जस्तो थियो। पक्कै कुनै ठूलो कार्यक्रम हुँदै छ होला।’

उहाँका कुरा सुनेपछि म पनि चनाखो भएँ। कहीँकतै कुरा चुहिएको त छैन ? ध्यान दिएर खोजी गरेँ। त्यो कुरा पार्टीको आन्तरिक सम्पर्क सूत्रहरूमा पुऱ्याएँ। अरु कसैले त्यस्तो कुराको चासो राखेको सुइँको पाइनँ। त्यसपछि ढुक्क भएर बसेँ। नत्र म लीला कमरेडका कुराले डराएको थिएँ। कतैबाट कार्यक्रमको राज चुहेछ कि भन्ने लागेको थियो।

त्यतिखेर भूमिगतकालीन समय थियो। गोपनीयताको अनुशासन कडा थियो। डिसेम्बर २६ पनि नजिक आइरहेको थियो। त्यस दिन माओको जन्मदिन पर्थ्यो। जन्मजयन्ती भव्यतापूर्वक मनाउने कोकेको निर्देशन थियो। त्यसैले धेरैवटा सेल्टरमा माओको तस्बिर राखेर चिनियाँ क्रान्ति र अध्यक्ष माओ त्सेतुङको योगदानबारेमा राजनीतिक तथा वैचारिक छलफल चलायौँ। त्यही दिन पार्टीको न्वारन भयो– नेकपा (माले)। त्यसको दुई महिनापछि फागुन २१ गते सहिद दिवसको दिन चारपन्ने विज्ञप्ति आयो। त्यसमा पुस ११ देखि १६ गतेसम्म नेकपा (माले) को प्रथम राष्ट्रिय सम्मेलन भएको कुरा लेखिएको थियो।

त्यसपछि मात्र बल्ल मदनले किनेको तरकारीको भेद खुल्यो। किनमेल माले गठनको राष्ट्रिय सम्मेलनका लागि पो थियो। उहाँ व्यवस्थापनको मुख्य संयोजक हुनुहुन्थ्यो। पार्टीका गतिवधि यति गोप्य हुन्थे कि के उद्देश्यले, कहाँ, के हुँदैछ त्यो कुरा कार्यक्रम गरिने सेल्टरदाताका परिवार समेतलाई पत्तो हुँदैनथ्यो।

इटहराका टेकबहादुर राई तत्कालीन समयका पार्टी कार्यकर्ता हुनुहुन्थ्यो। उहाँको घर पश्चिमपट्टिको बक्राह खोलाको एकान्त फाँटमा थियो। दक्षिणतर्फ भारतको फूलबारी नाकाबाट त्यहाँ सुरक्षित आइपुग्न सकिने वैकल्पिक बाटाहरू थिए। फूलबारी हुँदै पार्टी प्रकाशनका सामग्रीहरू आउँथे। त्यतैबाट प्रवासमा रहनुभएका नेताहरूलाई नेपाल प्रवेश गराउँथ्यौँ। त्यही बाटो भएर नेपालबाट पार्टीका चिठीपत्र पठाउँथ्यौँ। ठाउँ अलिक कोल्टे पर्ने हुनाले प्रहरीको कडा निगरानी थिएन। यो सबै तयारी गर्दा मदन कमरेडले इटहरास्थित आफ्नो घरलाई समेत सेल्टर बनाउनु भयो। त्यसमा गोप्य रूपको योजनागत गतिविधिहरू सञ्चालन गर्नुभयो।

माले गठनका बेला त्यो घर पार्टी स्वयंसेवकहरूको दोहोरो सुरक्षा घेराभित्र राखिएको थियो। कुनै पनि बेला शत्रुको आक्रमणबाट पार्टीको नेतृत्वलाई जोगाउन सबै प्रकारको तयारी थियो। पार्टी र नेतृत्वलाई जोगाउनका लागि मदनले किसान डफ्फाहरूको पर्याप्त व्यवस्थापन गर्नुभयो। त्यही डफ्फाले सम्पूर्ण सुरक्षाको जिम्मेवारी लियो। जसले गर्दा पाँच दिनसम्मको लामो सम्मेलन बिनाबाधा सम्पन्न भयो। त्यसबाहेक शिवराज पौडेल, खेम पोखरेल, विश्व भण्डारी, वसन्त भण्डारी, भुवनसिंह राई, देवी बराल लगायतका घर पनि यो सम्मेलन सम्पन्न गर्ने सहयोगी सेल्टर–घर थिए। सबैले मिलेर नेता–कार्यकर्ताहरूको हिफाजत गर्नुभयो।

**गुफा–घरको कथा**

भूमिगतकालीन कुरा हो, जननेता मदनको प्रमुख आतिथ्यमा मोरङ जिल्लाका अगुवा कार्यकर्ताहरूको प्रशिक्षण गर्ने सोच बनायौँ। रमेश मुखियाको घरमा बसेको पार्टी बैठकबाट त्यसलाई निर्णय गरायौँ। 'प्रशिक्षण कहाँ गराउँदा सुरक्षित हुन्छ' भनेर स्थानीय साथीहरूसँग मैले सल्लाह गरेँ। साथीहरूले एकै स्वरमा भन्नुभयो– 'गुफामै प्रशिक्षण चलाउँदा सुरक्षित हुन्छ, कुनै हालतले हाम्रो कार्यक्रमको गन्ध प्रशासनले चाल पाउँदैन।'

त्यतिखेरसम्म रमेश मुखियाको घरलाई सुरक्षित सेल्टर मान्न थालेका थियौँ। त्यसलाई 'हरैँचाको गुफा–घर' भनेर नाम दिएका थियौँ। भौगोलिक हिसाबले त्यो घर बजारभन्दा टाढा थियो। कसैका आँखा त्यहाँ हत्तपत्त पुग्दैनथ्यो।

'गुफा–घर' मा अन्नको एक दानो थिएन। घरका सेल्टरदाता ज्यादै निम्न आय भएका गरिब किसान हुनुहुन्थ्यो। प्रशिक्षण तीन दिनको थियो। प्रशिक्षणमा बस्दा कमरेडहरूलाई खुवाउने अन्न, ओढ्ने–ओछ्याउने लुगा, उज्यालो बत्ती र सुरक्षा व्यवस्था हामीले नै मिलाउनुपर्ने भयो। एकएक थोक सबैसँग मागेर आवश्यक कुराको बन्दोबस्त गर्‍यौँ।

तोकिएको दिन र समयमा कमरेडहरू विभिन्न सुरक्षित बाटो हिँडेर रात परेपछि सेल्टरमा पुग्नुभयो। करिब २५ जना त्यस भेलामा थियौँ। हरैँचामा पुरानो प्रहरी थाना थियो। प्रहरीहरूको ओहोरदोहोर निकै हुन्थ्यो। तर पनि उनीहरूका आँखा छलेर हामीले कार्यक्रम सफल बनायौँ।

'गुफा–घर' हेर्दा सामान्य थियो। एकान्तमा पनि पर्थ्यो। घरका मूली गरिब थिए। त्यसैले चारतिरबाट त्यहाँ मान्छे आउँछन्, यतिका मान्छे अटाउँछन् र भात खान पाउँछन्

भन्ने कुरा पञ्च प्रशासनलाई पत्याउन गाह्रो थियो। त्यसको फाइदा हामी उठाइरहेका थियौँ।

कुरा २०३५ फागुन २१ गतेको हो, देशव्यापी सहिद दिवस मनाउने घोषणा पार्टीले गऱ्यो। देशका धेरै ठाउँमा यो दिवसलाई विशेष बनाउने आन्तरिक तयारी हुँदै थियो। हामीले पनि सोही सन्दर्भमा 'गुफा–घर' मा रातको ८ बजे कार्यक्रम राख्यौँ। त्यस दिन मैले पार्टीको विशेष वक्तव्य पढेर सुनाएँ। त्यसमा नेकपा (माले) गठन भएको जानकारी थियो। सुन्ने सबै खुसीले गद्गद हुनुभयो। सबैले सहिदलाई श्रद्धाञ्जली दियौँ र कार्यक्रम सुरु गऱ्यौँ। त्यसदिन सहिद, देश, क्रान्ति र पार्टी समर्पित कविता र गीत साथीहरूले सुनाउनुभयो।

यस कार्यक्रमको उद्देश्य पार्टी स्थापनाको प्रेस विज्ञप्ति एकैपटक देशव्यापी गर्ने थियो र पार्टीको योजनालाई त्यसै रात गाउँभरि छयापछयाप्ती पार्ने थियो। पाऱ्यौँ। अध्यारो छ कसैले भनेनौँ।

२०३६ सालतिरको कुरा हो, पार्टीभित्र 'एक्स' टाइप र 'वाई' टाइपको विचारले प्रवेश गऱ्यो। दुवै विचारलाई कार्यकर्ताको बीचमा पुऱ्याउन फेरि पार्टीले अगुवा कार्यकर्ताहरूको भेला गर्ने भयो। भेला त्यही 'गुफा–घर' मा बोलाइयो।

त्यसदिन कमरेड रामचन्द्र यादव (भारतीय नक्सलवादी आन्दोलनका कमरेड) प्रमुख प्रशिक्षक भएर आउनुभयो। उहाँको नेतृत्वमा पार्टीभित्र सञ्चालन भएको दुई लाइनको वैचारिक सङ्घर्षका बारेमा तीव्र बहस र छलफल चल्यो। त्यो बहसले कार्यकर्ताहरूमा सही र गलत छुट्याउने चेतनाको विकास गरायो।

सेल्टरमा आउँदा हुनेले चामल, सागसब्जी, दाल झोलामा भरेर ल्याउने अभ्यास थियो। सेल्टर–घरका परिवारले मिठोसँग पकाएर खान दिनुहुन्थ्यो। आधारभूत वर्गसँग पार्टीले सम्पर्क विस्तार गर्ने महत्त्वपूर्ण कडीका रूपमा सेल्टर–घर र परिवारलाई लिइन्थ्यो। आश्रय दिँदा दुःखकष्ट धेरै नहोस् भन्ने कुरामा नेतृत्वले निकै ध्यान दिन्थ्यो। त्यस्तै ध्यान गुफा–घरलाई पनि दिएका थियौँ।

### मदनको सुरक्षा गर्ने तिनटोलियाको त्यो घर

आजका मान्छेलाई दन्त्यकथाजस्तो लाग्न सक्छ– भूमिगतकालीन कुरा। पार्टीलाई घेराबन्दी गरी समाप्त पार्ने जोखिमयुक्त समय थियो। प्रशासनले भेट्यो कि जेलनेलमा कोचिहाल्थ्यो। अलिक धेरै प्रतिवाद गर्न खोज्यो भने गोली ठोकिहाल्थ्यो।

नेतृत्व गर्ने नेता पार्टीमा कम थिए । एक जनालाई मात्र केही भइदिए मुक्ति आन्दोलन थलै पर्थ्यो । त्यस्तो अवस्थामा रामप्रसाद र दुर्गा ढकालको जोडीले आफ्नो घरलाई पार्टीको आश्रयस्थल बनाउनु भयो । सङ्ग्राम सिंह र रचना (मदन र विद्या)को वैवाहिक जीवनलाई सुरक्षित गर्नुभयो । पार्टी कामलाई नियमित र भयमुक्त बनाउनु भयो । तिनटोलियाका ढकाल परिवारले लगाउनु भएको गुन र दिनुभएको सुरक्षा बिर्सन मिल्दैन ।

ढकाल परिवारसँग मदन र विद्या कमरेडलाई अम्बर श्रेष्ठले जोड्नु भएको थियो । उहाँ पार्टीको भरपर्दो कार्यकर्ता हुनुहुन्थ्यो । त्यतिखेर उषाकिरण जन्मिनेवाला थिइन् । रामहरि खनाल, ईश्वरी लामिछानेको सहयोग लिएर उहाँले प्रसवपीडामा रहनुभएकी विद्या कमरेडलाई समयमै अस्पताल पुऱ्याउनु भयो । नानी जन्मिएपछि मात्र अरुले थाहा पायौँ । अमरको प्रशंसा जति गरे पनि थोरै हुन्छ ।

प्रहरी र शत्रुको कडा निगरानीबाट बचाउँदा ढकाल परिवारले लिएको जोखिम, नेतृत्वलाई दिएको लाडप्यार र नवजात बालिकालाई गरेको संरक्षण कार्य सबैका लागि अनुकरणीय छ । लामो समयसम्म पार्टीका गतिविधिहरूलाई सुरक्षित राख्न सफल त्यो घर पार्टी इतिहासको एउटा साक्षी पनि हो । त्यस घरले आज पनि अनेक जिज्ञासाको उत्तर दिन सक्छ ।

त्यतिबेलाकै कुरा हो, राजनीतिक स्वतन्त्रता र पार्टी स्वतन्त्रताको गम्भीर राजनीतिक बहस चल्यो । त्यसमा कमरेड सङ्ग्राम सिंहले खेल्नुभएको भूमिका र उठाउनु भएका विचारले सिङ्गो पार्टीलाई नै तरङ्गित पाऱ्यो । त्यो तरङ्ग त्यही सेल्टर–घरमा जन्मिएको थियो ।

**उच्च तहका नेताहरूको सुरक्षा गर्ने सेल्टर**

त्यस्तै २०३७ सालतिरको कुरा हुनुपर्छ, कोशी सगरमाथाको समन्वय गर्ने एउटा कमिटी थियो । त्यसभित्र सङ्गठित मदन भण्डारी (सङ्ग्राम सिंह), अशोक राई (नीलकण्ठ), नरेन्द्र पोखरेल (बालगोपाल) हुनुहुन्थ्यो । पछि रामगोपाल महतो (राजेन्द्रसिंह) लगायतका कमरेडहरू थपिनुभयो ।

बुढीखोलापारि उत्तरपट्टि एउटा सेल्टर–घर थियो । त्यो घरका मूली श्रीप्रसाद धिताल हुनुहुन्थ्यो । सेल्टर लिएर त्यस घरमा धेरै प्रशिक्षण र बैठक गरिन्थ्यो । त्यहाँ धेरैपटक गएर मैले पनि प्रशिक्षण दिएँ । त्यहाँ राजनीतिक दस्तावेजहरू पनि लगेर लुकाएँ । त्यसको सुरक्षा त्यस घरका सेल्टरदाताले गर्नुहुन्थ्यो । त्यहाँ ती दस्ताबेजहरू

सुरक्षित भएकाले नै पूर्वाञ्चलभरि पठाउन पायौँ। त्यसको अध्ययन सबै भूमिगत नेताहरूले गर्नुभयो।

त्यस सेल्टर–घरमा दुई दाजुभाइ हुनुहुन्थ्यो– श्रीप्रसाद र मदन धिताल। उहाँहरूबीच साह्है मेलमिलाप थियो। उहाँहरूकै मद्दतले त्यस सेल्टर आसपासका घरहरूलाई माले बनाउन सजिलो भयो।

चारैतिरबाट नेताहरूलाई आउन इटहरी चोक सजिलो पर्दथ्यो। त्यो घर सडकबाट दुई किलोमिटर पूर्वउत्तर, बुढीखोलाको पूर्वी डिलको घना बाँसझ्याङभित्र थियो। तत्कालीन समयका भूमिगत कमरेडहरूका लागि त्यो आफ्नै घरजस्तो थियो। त्यहीँ बसेर रमाउँदै पार्टीको काम गर्नुहुन्थ्यो।

केन्द्रीय तहका भेला र बैठकका लागि त्यो आश्रय–घर छानेका थियौँ। त्यहाँ पार्टीका ठूला नेताहरूलाई मात्र लैजान्थ्यौँ। गाउँ तथा जिल्ला तहका बैठक भने त्यहाँ गर्दैनथ्यौँ। त्यसो गर्दा प्रशासनको आँखा केन्द्रीय भेलामा पर्दैनथ्यो।

**तत्कालीन समयको पार्टी आधार क्षेत्र**

मोरङको बेलबारीस्थित उत्तरपट्टि लोन्द्रा खोला, पूर्व चारकोशे झाडी, पश्चिम लेटाङ फँडानी र केराबारीको घँघरु र दक्षिणमा नक्सलवारी भन्ने ठाउँ छ। ती ठाउँहरू पार्टी काम र विस्तारका लागि सुरक्षित थिए। त्यो ठाउँ एकान्त र जङ्गलको छेउमा थियो। बेलबारीबाट तीन किलोमिटर जति उत्तरमा पर्थ्यो। त्यतिखेर आवासीय प्रशिक्षण र लामा बैठकहरूमा नेताहरू ल्याइरहनु पर्थ्यो। त्यो ठाउँमा स्थानीय जनता र कार्यकर्ताको भरोसामा पार्टी ढुक्क भएर गतिविधि गर्थ्यो। त्यसैले हामी त्यस ठाउँलाई पार्टीको आधार क्षेत्र मान्थ्यौँ। यो कुरा २०४५ साल तिरको हो। त्यो बेला पञ्चायत प्रशासनले हाम्रो पार्टी र त्यसको नेतृत्वमाथि असाध्यै आँखा लाउन थाल्यो। मदन भण्डारी भूमिगत हुनुहुन्थ्यो। हामीले विद्या भण्डारीलाई सुरक्षित ठाउँको कुनै सेल्टर–घरमा राख्नुपर्ने भयो र जीविकोपार्जनको केही मेलो खोजिदिनुपर्ने भयो। यो कामको जिम्मेवारी पार्टीले मलाई दियो। उहाँका लागि कहाँ हुन्छ त सुरक्षित ठाउँ ? के हुन सक्छ त उहाँले गर्ने काम ? यो कुराको खोजी गरेँ।

त्यसबेला जनता प्रावि नक्सलवारीका हेडसर कर्णबहादुर कटुवाल हुनुहुन्थ्यो। त्यस स्कुलको शिक्षिका बनाएर लाने सल्लाह उहाँसँग गरेँ। त्यसो गर्दा विद्या कमरेडको जीविकोर्पाजन र प्रशासनबाट जोगिने दुवै काम हुन्थ्यो।

कर्णबहादुर सर र म मिलेर विद्या कमरेडलाई स्कुलमा नियुक्ति दिने प्रक्रियागत योजना बनायौँ। मैले पार्टी र मदन भण्डारीलाई सुनाएँ। कामको अनुमति पाएपछि विद्यालाई निवेदन दिन लगाएँ। योजना अनुसार नै उहाँले आफ्ना कागजातहरू पेस गर्नुभयो। अन्तर्वार्ता दिनुभयो। कर्णबहादुर सरको सहयोग र सहजीकरणबाट जिल्ला शिक्षा कार्यालयले उहाँलाई त्यो स्कुलमा पढाउन नियुक्ति दियो। पढाउने क्षमता र अनुभव उहाँसँग छँदै थियो। नक्सलवारीमा त्यो बेलाका मुख्य सेल्टरदाताहरू गोविन्द निरौला, नेत्र बराल, खिलबहादुर खुलाल, ओमप्रकाश खुलाल, कुलबहादुर थापा, कर्णबहादुर कटुवाल, वकिल थापा मगर, पदमबहादुर निरौला हुनुहुन्थ्यो। त्यसभन्दा बाहेकका दर्जनौँ घरहरूमा पनि पार्टीले ढुक्कसँग आश्रय लिएर काम गर्दथ्यो।

त्यहाँ विद्याले खिलबहादुर, ओम खुलाल, मणि निरौला, शिव बराल र डम्बर निरौलाहरूको मद्दत पाउनु भयो। रमाएर ४ वर्षभन्दा बढी त्यस ठाउँमा बस्नुभयो। कान्छी छोरी निशा त्यहीँ जन्मिएकी हुन्। जेठी छोरी उषाकिरणचाहिँ टुकुरटुकुर हिँड्थिन्। त्यसपछि उहाँ मणि कोइरालाको घरको बरन्डाका कोठा भाडामा लिएर बस्नुभयो। त्यस घरकी भाउजू मनमाया कोइराला मिजासिली, फुर्तिली र परिपक्व मान्छे हुनुहुन्थ्यो। उहाँको काखमा विद्या कमरेडलाई छोड्न पाउँदा म ढुक्क भएँ। सबैले देख्दा उहाँ पढाउन डेरा गरेर बसेजस्तो देखिन्थ्यो। तर त्यो उहाँलाई पार्टीले गरेको सुरक्षाको बन्दोबस्त थियो। त्यसबेला गाउँमा डेरा बस्नुपर्ने कामै हुँदैनथ्यो। तर उहाँ प्राविमा पढाउन विराटनगरबाट आएर बसेको भन्ने पारियो।

गाउँमा सबैका झुप्रै भए पनि आफ्नै घर हुन्थे। डेरा भन्ने त गाउँमा शब्दै थिएन। अझ त्यसबेला एक्लो छोरीमान्छे डेरा गरेर बस्दा मान्छे अनौठो मान्थे। तर पनि उहाँ छोरीहरू लिएर बस्नुभयो। बेलाबेला उहाँ कसरी बस्नुभएको छ, गाह्रो सजिलो के छ भनेर म बुझ्न जान्थेँ। गाउँका छोरी बुहारीसँग विद्या कमरेडका कुरा बुझ्थेँ।

उनीहरू भन्थे– 'हाम्रो गाउँमा छोरीहरू च्यापेर महिला सहयोगीसँग डेरामा बस्न आउनुभएको छ मिस। उहाँसँग चिनजान भयो। मिलनसार हुनुहुन्छ। फुर्सद हुँदा हामीसँग गफिनु पनि हुन्छ। गाउँमा हामी आईमाईको समूह भेला गराउनु हुन्छ। भेला गराउँदा झ्यालढोका सबै बन्द गरेर कोही आउलान् कि भनी पाले राखेर गराउनु हुन्छ। उठ्नुपर्छ, जुट्नुपर्छ भन्नुहुन्छ। हामी महिलाहरूलाई अगाडि बढाउने कुरा खुब गर्नुहुन्छ। उहाँका कुरा हामीलाई स्वादिला लाग्छन् तर राम्रा कुरा किन ढोका थुनेर सिकाएको होला भनेर अचम्म लाग्छ। सोध्दा हामीलाई केही भन्नुहुन्न।'

कुराका सिलसिलामा छरछिमेकका अरु मान्छे पनि भन्थे– उहाँ जहिल्यै मेरा श्रीमान् बनारसतिर बस्नुहुन्छ भन्नुहुन्छ। तर गाउँमा आएको हामीलाई थाहै छैन। खै आउनु भयो कि, तर आएको बेला उहाँ नै हो भनेर कहिल्यै श्रीमान् चिनाउनु भएन। को आयो को गयो, हामीलाई पत्तै हुँदैन। उहाँ मान्छे ठिकै हो नि गुरु सर ?'

त्यस गाउँका मान्छेका जिज्ञासायुक्त कुराको वास्तविकता मलाई थाहा थियो, तर बताउन मिल्दैनथ्यो। एकपल्ट गाउँका महिलाहरूमा गाइँगुइँ चलेछ– 'विद्या मिसको कोठामा कहिलेकाहीँ एकजना मान्छे आउँछन् रे ! कोठाभित्र बस्छन् रे ! पटक्कै बाहिर निस्कँदैनन् रे ! दिसापिसाब पनि रातमा मात्र जान्छन् रे !'

उहाँ बसेको सेल्टर–घर नजिकै पल्लो घर उमा घिमिरेको थियो। त्यहाँ बसुन्जेल विद्या कमरेडको बोल्ने साथी उहाँ नै हुनुहुन्थ्यो। म गएका बेला उहाँले भन्नुभयो– 'विद्या मिसले कोठामा छोरा मान्छे लुकाउने गरेको कुरा गाइँगुइँ चलेको छ गुरु सर। तपाईंले उहाँलाई ल्याएर राखेको हो, यसो कुरा बुझ्नु न ! मान्छे पढेलेखेकी विदूषी छिन्, साह्रै इमान्दार र इज्जतिली छिन्। तर त्यसरी कोठाभित्र मान्छे लुकाउनुपर्ने कारणचाहिँ के परेछ ? त्यस्ती असल स्कुलकी मिस। कुरा बिग्रिएको रहेछ भने त गावै गनाउँछ।'

फेरि मैले कुरो चबाउनु पर्‍यो। उहाँलाई यथार्थ कुरा भनिदिन पाइनँ। भएको कुरा विद्या कमरेडलाई गएर सुनाएँ। उहाँलाई पनि आफू सामाजिक शङ्कामा परेको कुरा थाहा रहेछ।

एक दिन मदन सुटुक्क आएको कुरा छिमकेकी उमा भाउजूले थाहा पाउनु भएछ। उहाँ आएर विद्या कमरेडलाई भन्नुभएछ– 'विद्या बैनी, के गर्दै हुनुहुन्छ ?'

उहाँ फुत्त बाहिर निस्किएर ढोका ढप्काउँदै भन्नुभएछ– 'यसो भान्साको मेलोमेसो गर्दै छु दिदी।' गफ गर्दा उमा भाउजूले भित्र को र कस्तो मान्छे रहेछ भनेर घाँटी तन्काएर हेर्न खोज्नु भएछ, तर ढोका ढप्किएकाले असफल हुनुभएछ। केही बेर मदनका बारेमा घुमाउरो कुरा सोधेर फर्किनु भएछ।

त्यतिखेर कोठामा हुने मान्छे उहाँकै श्रीमान् मदन भण्डारी हो भन्ने कुरा बताउन नपाउँदा धेरै ठाउँमा सबैलाई सकस पर्थ्यो। तर अवस्था नै भूमिगतकालीन थियो। सूचनाको 'स' पनि कतै चुहाउन मिल्दैनथ्यो। कतैबाट चुहिए, प्रशासनका कानमा परे, नेताको ज्यानै जाने डर हुन्थ्यो।

**शीर्ष नेताहरूले विश्वास गरेको घर**

शीर्ष नेताहरूको जमघट हुने थलोमध्येको एउटा थलो मेरो घर पनि हो।

२०३६ सालको माघ महिना थियो। एकदिन बेलुका मदन मेरो सुन्दरपुरको घरमा आउनुभयो। 'यहाँ उच्चस्तरीय नेताहरूको बैठक हुँदै छ' भन्नुभयो। तर कहिले र कति जना भने भन्नुभएन। त्यसका लागि हाम्रो घरको वातावरण निरीक्षण गर्नुभयो र जानुभयो। त्यसको एक हप्तापछि बिहान ३ बजेतिर मदन र दुई जना अरु नेता आउनुभयो। उहाँहरू पूरै हिलाम्मे हुनुहुन्थ्यो। साइकलमा आउनुभएको रहेछ। हामीले आदरपूर्वक अभिवादन गऱ्यौँ। घरमाथि बुइँगलमा लगेर राख्यौँ। राडी ओछ्याइदियौँ। राडी नपुगेको ठाउँमा जुटका झल्ला ओछ्यायौँ र सुत्न हुने ओछ्यान तयार गयौँ। बिहान भइनसकेकाले उहाँहरू एकछिन निदाउनुभयो।

त्यतिखेर हाम्रो घर एउटा व्यवस्थित सेल्टर नै थियो। परिवारका सबै सदस्य पाहुनाको व्यवस्थापन गर्न दक्ष थिए। अझ आमा त झन् यस्ता कुरामा सिपालु हुनुहुन्थ्यो। बिस्तारै उज्यालो भयो। आँगनमा राखिएका साइकल परैबाट देखिन थाले। त्यतिखेर हाम्रो घरमा एउटा पनि साइकल थिएन। साइकल किन्ने हैसियतै बनेको थिएन।

तीन–तीनवटा साइकल, त्यहाँमाथि हिलाम्य। अब गाउँलेले शङ्का गर्ने भए भनेर डरायौँ।

ती साइकललाई कसरी लुकाउने ? मान्छेका आँखाबाट कसरी छल्ने ? हामीलाई ठूलो चिन्ता भयो। घरको भुइँतलाको दक्षिण कुनामा हाम्रो ढिँकी थियो। त्यही ढिँकीछेउमा साइकललाई सुताएर गुन्द्रीले छोपिदियौँ। गुन्द्रीमुनि के छ भनेर फेरि कसैले सोध्लान् भन्ने पीरले त्यसमाथि सन्ठी थुपाऱ्यौँ। बल्ल दाउरा थुपारेको जस्तो देखियो।

नेताहरू बुइँगलमै बस्नुभयो। राती अबेरसम्म छलफल गर्नुभयो। भोलिपल्ट पनि त्यही क्रम जारी रह्यो। मदनसँग आउने नेताहरू कसैलाई पनि हामीले चिनेनौँ। बेलुकीको खाना खाइसकेपछि बल्ल उहाँहरू अँगेनामा आगो ताप्न आउनुभयो। अँगेनावरिपरि बसेर आमासँग आत्मीय गफ गर्न थाल्नुभयो। आमासँग उहाँहरूले गरेको व्यवहार देखेर हामी त छक्क पऱ्यौँ।

ती पाहुनाहरूलाई आमाले स्नेहपूर्वक भन्नुभयो– 'बाबु हो। तिमीहरू सुकुमार छौ। सुकिला मुकिला छौ। हेर्दा पढेलेखेका हुनेखाने घरका जस्ता पनि छौ। त्यसरी

रातीराती किन हिँडेका ? तिमीहरूले सोचेको कुरा कहिले पूरा हुन्छ ? कहिलेसम्म लुकेर बस्छौ ? अचानक पुलिस आयो भने हामीले कसरी बचाउँनु ?'

पाहुनाले पालैपालो आमालाई उत्तर दिनुभयो। त्यो उत्तर सुनेर हामी सबैको आत्मबल बढेर आयो।

दाउराको उज्यालामा मैले नेताहरूलाई चिन्ने प्रयास गरेँ। मदनबाहेक अरुलाई चिनिनँ। एक जना चाहिँ सीपी मैनाली हो कि जस्तो लाग्यो। 'तपाईं सीपी कमरेड हो ?' मनमनै प्रश्न गरेँ, मुखले सोध्न पाइँदैनथ्यो। मेरो अनुमान उहाँ सार्वजनिक भएपछि ठ्याक्कै मिल्यो।

बैठक चल्दै गर्दा उहाँहरूले प्याज माग्नुभयो। लगेर दिएँ। प्याज पिँध्ने सिलौटो र लोहोरो माग्नुभयो। त्यो पनि दिएँ। किन मागेको होला, के गर्न खोजेको होला भन्ने खुलदुली लाग्यो। तेस्रो दिन मलाई मोटो पुलिन्दा दिँदै भन्नुभयो– 'यो पुलिन्दा लिएर धरान जानुहोस्। मनोहर कुटीभित्र हामीले दिएको हुलियासँग ठ्याक्कै मिल्ने मान्छे भेटिनुहुन्छ। उहाँलाई दिएर आउनुहोस्।'

मैले त्यसै गरेँ। धरानमा मनोहरकुटीमा लानु भनेकाले त्यो पुलिन्दा त्यहीँ पु-याएँ।

पुलिन्दा सम्बन्धित मान्छेलाई जिम्मा लगाएँ।

पछि मलाई थाहा भयो, हाम्रो घरमा मदनसँगै आउने नेताहरूले पार्टीको मुखपत्र 'वर्गसङ्घर्ष' प्रकाशनको सामग्री तयार पार्नुभएको रहेछ। त्यो पछि प्रकाशन भयो

चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय कमिटीलाई पठाउने शुभकामना पत्र पनि हाम्रै घरमा तयार पारिएको रहेछ। त्यस दिन नेताहरूले किन प्याज माग्नुभयो ? पिँधेर चटनी बनाएको पनि देखिएन। कतै घाउमा लगाएको पनि देखिएन। त्यस प्याजले के काम गर्यो होला ? धेरै समय खुलदुली लागिरह्यो। पछि मात्रै थाहा पाएँ– प्याजको रसबाट पार्टीका संवेदनशील पत्रहरू लेखिँदो रहेछ। तर सजिलै नदेखिँदो रहेछ। पानीमा पत्रलाई भिजाएपछि मात्र सरर अक्षरहरू देखिँदा रहेछन्। त्यो तकनिकीका लागि पो लोहोरो, सिलौटो र प्याज मागिएको रहेछ।

त्यतिखेर पार्टी सीपी मैनालीको नेतृत्वमा थियो। उहाँसँगै बसेर मदनले त्यसरी दस्ताबेज तयार पार्नुभयो। अहिले सम्झँदा गर्व लाग्छ, भूमिगत समयमा पार्टीको उच्चस्तरीय काम सुप्रिम लिडरहरूले मेरै घरको बुइँगलमा बसेर काम गर्नुभयो।

पार्टीका पुराना दिनहरूमा सबै सेल्टरदाताहरूले यसमा लाग्ने नेतृत्वका ओत, भोक खुब ख्याल गरे। रोग लागेर थलिँदा मायाले स्याहारसुसार गरे। आफ्नै मानेर घरको बुइँगलमा लुकाएर हिफाजत गरे। अभरमा नेताहरूले गरेको दिसापिसाबका कोपरासमेत फाले। तन, मन, धन सबै दिएर उनीहरूले नेताहरूलाई प्रशासनबाट जोगाए। त्यसबापत पञ्च र निरङ्कुश राजतन्त्रबाट अमानवीय यातना र अनेक झमेलाहरू पनि खेपे। मैले पनि नेताहरूको कोपरा फालेँ। आएका समस्या झेलेँ।

त्यसबेला हामी चिनियाँ साहित्य, बाल साहित्य, क्रान्तिकारी साहित्य पढेर प्रभावित हुन्थ्यौँ। 'चमकता लाल सीतारा' अर्थात् चम्किलो रातो तारा पुस्तक हामी कम्युनिस्ट कार्यकर्ताका लागि प्रिय किताब थियो। त्यो किताब पढेपछि आफैँ मान्छे कम्युनिस्ट पार्टीमा लाग्थे। मैले पनि त्यो किताब तीनचोटि पढेँ।

हरेक मिटिङ/बैठकको अन्त्यमा साहित्यिक गतिविधि तथा परिवर्तनकारी रचनाहरू पढ्ने कुरामा नेताहरूले सबैलाई प्रेरित गर्नुहुन्थ्यो। त्यसैको सिकाइबाट हामी माओ त्सेतुङ लगायत नेताहरूका रचनाहरू पढ्ने र अरु साथीहरूलाई पढाउने कुरामा बढी जोड दिन्थ्यौँ।

प्रगतिशील पुस्तकहरू गाउँमा थोरै भेटिन्थे। गोठालो जाँदा खोजेको शिला धान बेचेको पैसाले पत्रपत्रिका, मार्क्सवादी पुस्तक किनेर पढ्थ्यौँ। पछि भूमिगत लाइब्रेरीको पनि व्यवस्था गर्‍यौँ। घुमाइ घुमाइ सबैलाई राम्रा किताबहरू पढ्न दिन थाल्यौँ। सेल्टर–घर भूमिगत भेला, बैठकमा मात्र सीमित हुँदैनथ्यो, कम्युनिस्ट पार्टीका पक्षमा प्रकाशित भएका साहित्यहरूको पनि अध्ययन विश्लेषण हुने गर्थ्यो। स्वयं बर्बरिक पनि बुइँगलमा बसेर दार्शनिक विषयको अध्ययन गर्नुहुन्थ्यो। अन्तर्राष्ट्रिय विषयमाथि चासो राख्नुहुन्थ्यो। हरेक दिन बीबीसी, रेडियो बेइजिङ र अल इन्डिया रेडियोका समाचारहरू सुन्नुहुन्थ्यो। त्यतिखेर उहाँको साथी नै रेडियो थियो।

## पार्टीको दुर्भेद्य किल्ला

मोरङको मध्यभागमा बोराबाध भन्ने ठाउँ छ। त्यसको सिरानमा सोमबारे चोक छ। त्यहीँ गाउँको बीच्चमा फुसको छानो भएका ठूली कमला राई (राशी)को घर थियो। उहाँ अग्रचेतना भएकी महिला नेतृ हुनुहुन्थ्यो। त्यहाँ खेतीपाती गरेर बस्नुहुन्थ्यो। त्यही ठाउँमा अर्की सानी कमला (शशी) पनि हुनुहुन्थ्यो। उहाँहरूको घरमा पार्टीका कार्यकर्ता भेला हुँदा एकपटकमा २५ जनाभन्दा बढी भेला हुन्थ्यौँ। त्यहाँ मिटिङ, भेला, प्रशिक्षण गरिरहन्थ्यौँ। कुनै नेतालाई आकस्मिक रूपमा लुकाउनु पर्‍यो भने त्यतै कुदाउँथ्यौँ।

घरमूली नभएका बेलामा पनि सरासर घरभित्र पस्थ्यौँ। दुवै मिलेर आश्रय लिने नेता र कार्यकर्ताको हेरचाह र सुरक्षा गर्नुहुन्थ्यो।

त्यहाँ पुग्दा गलेर फत्रक्क भएको हुन्थ्यो ज्यान। भोकप्यास, निद्रा र बिरामले लखतरान पारेको हुन्थ्यो। ठूली कमला मेलापात गरेर आउनु हुन्थ्यो। हामी घरभित्र छिरेर बसिरहेका हुन्थ्यौँ। उहाँ पार्टीको खबर लिनुहुन्थ्यो। भोकप्यास सोध्नुहुन्थ्यो। घरमा जे जस्तो छ, पकाएर खुवाउनु हुन्थ्यो। ज्वरोले रन्किएका साथीहरूलाई तातो पानी तताएर दिनुहुन्थ्यो। निधारमा पानीपट्टी लगाई दिनुहुन्थ्यो। उहाँसँग हुँदा आमाको काखमा भएको महसुस हुन्थ्यो।

कमला दिदीहरू सम्पन्न हुनुहुन्नथ्यो। निम्नमध्यम परिवारकी छोरीहरू हुनुहुन्थ्यो। थोरै खेतीपातीका भरमा जीवन चलाउनु हुन्थ्यो। कहिलेकाहीँ रक्सी पारेर पनि बेच्नुहुन्थ्यो। हामी सबैलाई पार्टीसँग भएको आस्थाका कारण साह्रै माया गर्नुहुन्थ्यो।

एकपल्टको कुरा हो, हामी सानी कमलाको घरको टाँडमाथि लुकेर बसेका थियौँ। मुनिपट्टि टाटीले बारेको भान्सा थियो। कमला दिदी ठूला भाँडामा भात पकाउँदै हुनुहुन्थ्यो। गाउँका एक जना पञ्च उहाँकहाँ आए। ठूला भाँडामा भात र तिहुन पाक्दै गरेको देखेर सोधे– 'भात त ठूलो भाँडामा पकायौ त कमला, पाहुनापाछा धेरै छन् कि क्या हो ?'

जवाफमा ठूली कमलाले भन्नुभयो– 'केको धेरै पाहुना हुनु, रक्सी पार्न पकाएको नि !'

त्यसपछि ती मान्छेले केही भनेनन्। चुपचाप निस्किए।

सानी कमला पढालेखा नभए पनि बुद्धिमान हुनुहुन्थ्यो। सानातिना चुनौती त यसै चबाई दिनुहुन्थ्यो। हामीले सेल्टर लिएको त्यो कच्ची घर अझै छँदैछ।

कुनै कारणले कमला दिदीहरूकहाँ सेल्टर लिन मिलेन भने नन्दराज गिरी, बच्चुलाल चौधरी, डिल्लीबहादुर कटुवाल, रामकुमार चौधरी लगायतका घरमा पनि आश्रय लिन्थ्यौँ। उहाँहरू सबै त्यस क्षेत्रका राजनितिक अगुवाहरू हुनुहुन्थ्यो।

## मोरङको पहिलो जिल्ला अधिवेशन भएको बाँसघरे बाको घर

तिलबहादुर राई अर्थात् बाँसघरे बा हाम्रो सेल्टरदाता हुनुहुन्थ्यो। उहाँको घर उत्तरपूर्वी मोरङको टाँडीमा थियो। त्यतिखेर यातायातको कुनै सुविधा थिएन। जङ्गलको बाटो पैदल हिँड्नुपर्थ्यो। उर्लाबारीको किसानचोकबाट कस्सिएर हिँड्दा झण्डै तीन घण्टा लाग्थ्यो। बाघभालु लाग्ने र दुर्गम ठाउँ भएकाले प्रहरी त्यति पुग्दैनथे। त्यसैले हामी त्यस घरलाई सुरक्षित सेल्टर मान्थ्यौँ।

पार्टीका कठिन दिनहरूमा हामी उहाँकै घरको बुइँगलमा लुक्यौँ। बाँसघरे बाको पसिनाको कमाइ खायौँ र उहाँले दिएको स्नेहको सिरक ओढ्यौँ। मोरङ पार्टीमा तत्कालीन सचिव पदम चुँडालले गद्दारी गरेपछि सङ्कट आयो। हाम्रा सेल्टर–घर कहाँकहाँ छन्– पञ्चायतले सङ्केत पायो। तर बाँसघरे बाको घरबारे धेरैलाई थाहा थिएन। त्यसैले २०४४ सालमा नेकपा मालेको प्रथम मोरङ जिल्ला अधिवेशन उहाँकै घरमा गऱ्यौँ। कमरेड मदन भण्डारी प्रमुख अतिथि हुनुहुन्थ्यो। त्यो अधिवेशनले मलाई मोरङको पार्टी सचिव बनायो।

त्यतिखेर उहाँको घरमा आश्रय लिएका थुप्रै नेताहरू अहिले पार्टीको विभिन्न जिम्मेवारीमा हुनुहुन्छ। केन्द्रीय कमिटीमा पनि हुनुहुन्छ। कोही जनप्रतिनिधिका रूपमा पनि हुनुहुन्छ। कोही मन्त्री भएर जिम्मेवारी सम्हालिरहनु भएको छ। ठूला नेताहरू प्रायः त्यस सेल्टरमा पुग्नुभएको छ। मदन भण्डारी र विद्या समेतले त्यस घरमा सेल्टर लिनुभएको छ। तिलबहादुर राईसँग साक्षात्कार गर्नुभएको छ।

उहाँकहाँ लुकेर बस्दा वा मिटिङ गरेर फर्किंदा, अनुकूल मिल्यो भने गाउँले दाजुभाइले मह काढेर खान दिनुहुन्थ्यो। भर्खर काढेको शुद्ध मह खाँदा मात लागेको मलाई अझै सम्झना छ। रातभर पार्टीको काम गरेर बसेको दिन लोकल नौसिङ्गे भाले काटेर पकाई खुवाएको सम्झना छ। मीठो खानपानले आँत भरिदिने त्यो सेल्टर सम्झिँदा आज आँखामा कृतज्ञताको आँशु आउँछ।

बाँसघरे बासँग काम गर्न पाउँदाको उत्साह नै अलग हुन्थ्यो। उहाँकहाँ पुगेपछि आफ्नै घर पुगेजस्तो हुन्थ्यो। मनमाया भाउजूलाई भेट्दा आफ्नी आमा भेटेजस्तो लाग्थ्यो। नेता–कार्यकर्ताको भोकप्यास सबै थाहा पाउने आमाले ठूला डालामा भात ओसारेर बुइँगलमा खुवाउनु हुन्थ्यो। पार्टीको सुरक्षा र निर्माणमा उहाँले पनि ठूलो गुन लगाउनु भएको छ।

**जनपक्षीय हस्तक्षेपको फैसला गर्ने केन्द्रीय बैठक बसेको घर**

तत्कालीन नेकपा (माले)ले पञ्चायतमाथि राजनीतिक हमला गर्ने योजना बुनिरहेको थियो। त्यसको खाका पनि तयार थियो। तर पार्टीगत निर्णयचाहिँ भएको थिएन। त्यसका लागि मलाई उत्तर–पूर्वी मोरङको उत्तरे पठाइयो। त्यतिखेर पार्टीको सुरक्षित आधार क्षेत्रका रूपमा त्यस ठाउँलाई विकास गरिसकेका थियौँ।

पार्टीको केन्द्रीय बैठकका लागि आश्रयस्थल, आवास, भान्सा र सबै प्रकारका आन्तरिक काम गर्न म सीमसार खोप भन्ने ठाउँमा पुगेँ। त्यो रमितेभन्दा पल्लोपट्टि, लावा खोलापारि, दुर्गम पहाडी गाउँमा पर्थ्यो। त्यसै अनुरूप भुवनसिंह राई, घनश्याम भण्डारी (विकल), टीकाप्रसाद बान्तवा लगायतका कमरेडहरूसँग मिलेर तीन घेराको सुरक्षा व्यवस्था गरेँ। शत्रु पक्षबाट कुनै विघ्न आइनपरोस् भनेर मोरङ उर्लाबारीको प्रहरी कार्यालय, पथरी, लेटाङ, धनकुटाको ६ नं. बुधबारे र मधुमल्लाका पाँचवटै प्रहरी कार्यालयहरूका गतिविधिलाई नियाल्न आवश्यक सुराकीको बन्दोबस्त पनि गरेँ। यसलाई पार्टीको परिभाषामा तेस्रो सुरक्षा घेरा भनिन्थ्यो।

बैठकस्थलदेखि प्रहरी कार्यालयहरू लगभग ८ किलोमिटरसम्मको दूरीमा थिए। बैठकस्थलसम्म आइपुग्न बीचमा बगर, जङ्गल, उबडखाबड पहाडी बाटो पार गर्नुपर्ने हुन्थ्यो। अन्य कमरेडहरूको सरसल्लाहबाट पार्टीको दोस्रो सुरक्षा घेरामा लगभग तीन किलोमिटर दूरीका आश्रयस्थल प्रयोग गरेँ। पहाडी घोडेटो बाटो र सिकारीहरू हिँड्ने चोर बाटाहरूलाई चियो गर्न गाईबस्तु चराउने गोठाला, खेती गर्ने किसान र घाँस–दाउरा गर्ने व्यक्तिहरूका रूपमा किसानको अग्रदस्तालाई राखेँ। पहिलो सुरक्षा घेरामा भने किसान आन्दोलनले कब्जा गरेको बन्दुक र अरु घरेलु औजारसहित कुनै पनि जोखिमविरुद्ध लड्न सक्ने गरी आवश्यक बन्दोबस्त गर्न लगाएँ। बैठक कक्षलाई सूचना गर्न ब्याट्रीले बज्ने घण्टी राख्न लगाएँ। भात पकाउने ठाउँ र अँगेनामा धुनी बालेर रातभरि ड्युटी गर्ने व्यवस्था पनि गरेँ। कुनै नयाँ मान्छे आयो र बैठकलाई शान्त गराउनु पर्‍यो भने अँगेनाबाट नै स्वीच दबाउँदा बैठक कक्षमा बिजुली बल्थ्यो। बत्तीका आफ्नै अर्थ र सङ्केत हुन्थे। ती कुरा मैले प्रविधि जान्ने नेतृत्वको सहयोगमा व्यवस्था गरेँ। घण्टी टिङटिङ बजाएर खतराको सङ्केत गर्ने चाँजो पनि मिलाएँ। बैठकस्थललाई उज्यालो बनाउन चहक बाहिर नजाओस् भनेर सबै झ्यालढोकाका प्वालहरू टाल्न लगाएँ।

बैठकका लागि दाल, चामल, तरकारी, नुन, भुटुन बटुलेर जोहो गरेर त्यसलाई कार्यक्रम स्थलमा उँभोतिर पठाउने काम पनि भयो। कुम्लोकुटुरो थन्क्याउने स्टेसन तिलबहादुर राईको घर छँदैथियो।

त्यसबेला बिजुली थिएन। रातमा हुने बैठक सञ्चालन गर्न मैन्टोल र लालटिन भेला गर्न लगाएँ। चाहिने मट्टितेल बोतलमा बटुलेँ। नुन, तेल, साबुनको पनि जोहो गरेँ। त्यो व्यवस्थापनको काम एक्लै गर्न सम्भव थिएन। त्यसमा हरिमाया राई, रामकुमारी राई, शान्ता राई, अजित राई, लालबहादुर राई र श्याम राईले पूरै काँध हाल्नुभयो। रातमा पुल्ठो बालेर, त्यसकै उज्यालोमा भारी बोक्ने कमरेडहरूको लर्को लिएर सामान उत्तरे पुऱ्याएँ।

सबै बन्दोबस्तीका साथ केन्द्रीय कमिटीको पाँचदिने बैठक त्यहाँ बस्यो। त्यही बैठकले पञ्चायती निर्वाचनमा 'जनपक्षीय हस्तक्षेप गरौँ' भन्ने निर्णय गऱ्यो। त्यसको दूरगामी प्रभावले देशलाई नै आन्दोलित बनायो। राष्ट्रिय पञ्चायतमा समेत जनपक्षीय उम्मेदवार जिताएर पठायो। २०४६ सालको जनआन्दोलनको पृष्ठभूमि पनि तयार गऱ्यो। वास्तवमा पञ्चायती किल्लामाथि राजनीतिक हस्तक्षेप गरी पञ्चसत्ता ढाल्ने काम त्यही राजनीतिक निर्णयले गऱ्यो। त्यो घरको सेल्टरदाता चन्द्रबहादुर राई हुनुहुन्थ्यो।

**सन्तान गुमाएर पार्टी रक्षा गर्ने सेल्टर–घर**

मोरङको उर्लाबारी र मधुमल्लाको बीचमा झारसाझीमा कमरेड विकल (घनश्याम भण्डारी)को घर थियो। त्यो हाम्रा लागि एउटा निरापद आश्रयस्थल थियो। आमाबुवा र भाउजू गोमादेवी भण्डारीको बीचमा राजनीतिक सूत्रधारको रूपमा हामीलाई कमरेड घनश्यामले जोडिदिनु भएको थियो। जुनसुकै बेला र जस्तोसुकै अवस्थामा पनि त्यस घरमा पुग्थ्यौँ। बैठक, भेला गर्थ्यौं। गाउँको माथिल्लोपट्टि, खोलाको किनारमा त्यो घर थियो। भूमिगत पार्टी काम गर्न हामीलाई खुल्ला थियो। उहाँले उत्तर–पूर्वी मोरङको राजनीतिक सूत्रधारको काम गर्नुभयो। पार्टीको सम्पर्क झापा, इलाम र धनकुटासम्म विस्तारित थिए। त्यसको सेतु उहाँ नै हुनुहुन्थ्यो। कमरेड विकल त्यो क्षेत्रको भरपर्दो सेल्टरदाता र राजनीतिक सङ्गठन विस्तार गर्ने अगुवा व्यक्ति हुनुहुन्थ्यो।

उहाँका तीनवटी छोरीहरू थिए। त्यसपछि जन्मिएको एउटा छोरा थियो। त्यो परिवारजनको ढुकढुकी थियो। उहाँहरूको खुसीमा हाम्रो खुसी थपिएको थियो। तर

पार्टी कामको चटारोका कारणले विकलले घर–परिवारलाई समय दिन सकिरहनु भएको थिएन। उत्तर–पूर्वी क्षेत्रको पार्टी कामको चाप पनि उहाँलाई उत्तिकै थियो।

भाउजू सुत्केरी हुनुहुन्थ्यो। पार्टीलाई माया गर्ने बुवाआमा वृद्ध हुँदै जानुभएको थियो। छोरीहरू सानै थिए। पार्टीको काम, गाईबस्तुलाई कुँडो खुवाउने काम र स्कुलमा पढाउन जाने हतारका बीचमा नवजात बालकको स्वास्थ्यलाई ध्यान दिन पाउनु भएन। २०४२ सालको कुरा हो, विकल कमरेडको छोरालाई निमोनिया भएर ज्वरो आएछ। पार्टी कामकै हुटहुटी र चटारोले घरबाट निकै टाढा जानुभएको रहेछ। यस दौडका बीचमा निमोनियाले नानीलाई खग्रास बनाएछ। त्यसको केही दिनपछि घरमा आपत् परेको खबर थाहा पाएर विकल आउनु भयो। तर अस्पताल लान नभ्याई सन्तान वियोगको पीडा व्यहोर्नु पर्‍यो। छोरीहरूको भाइटीका लाउने रहरमाथि पनि बज्रपात पर्‍यो।

त्यो पुत्र वियोगको अपूरणीय चोट उहाँको परिवारमा अझै छ।

**अनेमसङ्घ मोरङको पहिलो सम्मेलन भएको घर**

मोरङ र सुनसरीको उत्तरमा पर्ने जङ्गलको नजिकमा लाटीझोडा भन्ने ठाउँ छ। त्यहीँभित्र भीम पौडेल र रत्न पौडेल लगायत पार्टी शुभेच्छुक र सहयोगीहरूको एउटा टोल थियो। सेल्टरको उत्तरतिर र पूर्वतिर घना जङ्गल थियो। पश्चिमपट्टि सुनसरी–मोरङको सिमाना बुढीखोलाको लमतन्न बगर थियो। जङ्गलमा हेरचाह गर्न आउने वनगस्ती र गाईबस्तु चराउने गोठालाहरूको नजरबाट बैठकलाई जोगाउने अलिकति चुनौती थियो। तर पनि शत्रुको अचानक हमलाबाट जोगिन घना जङ्गल र खोलातिरका बाटाहरूले पार्टीको आन्तरिक सुरक्षालाई मद्दत गर्थे। प्रकृतिको बनोटले त्यसमा थप साथ दिएको थियो। मोरङभरिका अगुवा महिलाहरूले राजनीतिक प्रतिनिधित्व गर्नुभयो। अँधेरी रातमा अनेक चोरबाटो हिँड्दै उहाँहरू त्यस ठाउँमा आउनुभयो। कार्यक्रमको प्रमुख अतिथि कमरेड सागर अर्थात् मदन भण्डारी हुनुहुन्थ्यो। दुई दिवसीय आवासीय सम्मेलनले पार्टीको नीति, सिद्धान्त, विचारलाई आत्मसात् गर्दै महिला मुक्तिको आवाजलाई बुलन्द गर्ने फैसला गर्‍यो। सर्वसम्मतिले विद्यादेवी भण्डारीलाई अनेमसङ्घ मोरङको अध्यक्षमा चयन गर्‍यो। उहाँ कार्यकारी भएको पहिलो पद नै त्यही थियो।

## पार्टीको अमूल्य सम्पत्ति मित्रलाल दम्पती

पार्टी नेताहरूका लागि कानेपोखरीमा गाडीबाट उत्रेपछि सुरक्षित स्थान कहाँ छ भन्दा सुवेदी बाको घर आँखाअगाडि आउँथ्यो। कानेपोखरीबाट अलिकति पूर्व जङ्गलैजङ्गल हिँडेर झन्डैँ तीन किलोमिटर दक्षिणको जङ्गल छिचोलेपछि मित्रलाल बाको घर आउँथ्यो। कडा भूमिगत अवस्थामा पार्टी कामको विस्तार भने रोकिएको थिएन। नेकपा (माले)का नेता–कार्यकर्ताहरू पथरी बजारमा बसबाट ओर्लेर दक्षिणतिर जाँदा कहाँ सुरक्षित भइन्छ ? दक्षिणतर्फ हरकपुरबाट उत्तरलाग्दा कहाँ सुरक्षित भइन्छ भन्ने प्रश्न उठ्थ्यो। त्यतिखेर सबैको मनमा एउटै उत्तर आउँथ्यो– ‘मित्रलाल बाको घर, त्यहाँ सुरक्षित भइन्छ, माया ममता पनि पाइन्छ।’ खानापानी, आराम पाइने र बैठक/भेला सहज रूपले गर्न सकिने ठाउँ थियो त्यो।

अलिक अँध्यारो र राती भयो भने कमरेडहरू तुलाराम गुरुङको घरमा पस्थे। उहाँ त्यसबेला रमाइलोमा जनसेवा माविको प्रधानाध्यापक हुनुहुन्थ्यो। अलिकति उज्यालैमा सेल्टरमा पस्नुपर्‍यो भने दहीखोलाको तीरैतीर पच्चीसबिघेबाट स्वाट्ट छिरेपछि मित्रलालको घरभित्र पसिन्थ्यो। त्यो घरचाहिँ सबैभन्दा सुरक्षित थियो। मित्रलाल सुवेदी र उहाँको घरलाई गोठालो गर्न प्रशासनलाई सजिलो थिएन। उहाँको घर जङ्गलको मुखमा थियो। त्यो पनि एकान्तमा। त्यो घर आमा–घरजतिकै प्रिय थियो, पार्टीमा लाग्ने मान्छेहरूका लागि। त्यहाँ पुगिसकेपछि भोकै छ, तिर्खै छ भने मान्छेले पानी र मोही पिउन पाउँथ्यो। दही, घिउ–चिउरा, दालभात खान पाउँथ्यो। खाजामा कन्दमूल खान पाउँथ्यो। त्यस्तो केही रहेनछ भने पनि मकै–भटमास त पाउँथ्यो नै। यी सबै कुराको जोहो गर्ने मान्छे भने मित्रलालकी श्रीमती विष्णुमाया सुवेदी हुनुहुन्थ्यो। दानी मित्रलाल दम्पती पार्टीको अमूल्य सम्पत्ति हुनुहुन्थ्यो।

## अभर पर्दा सम्झिने घर

मोरङको सुन्दरपुरको पूर्व गाउँको ठाडो टोलमा निम्नवर्गीय परिवारको एउटा घर थियो। घरमूली रेणुदेवी घिमिरे हुनुहुन्थ्यो। उहाँका छोरा गङ्गा घिमिरे पार्टीका सक्रिय कार्यकर्ता हुनुहुन्थ्यो। पार्टीलाई अप्ठ्यारो पर्दा वा आकस्मिक सेल्टरको व्यवस्था गर्नुपर्दा त्यही घर सम्झिन्थेँ। त्यसपछि दौडिएर त्यहाँ पुग्थेँ। गङ्गाजी भेटिनुभए उहाँसँग कुरा राख्थेँ। नभेटिए आमासँग राख्थेँ। उहाँहरूले हुँदैन भन्नुहुन्नथ्यो। कहिलेकाहीँ त पार्टीका भूमिगत नेताहरू साथैमा लिएर बिनाखबर नै जान्थेँ। आमा रेणुदेवीले प्रेमपूर्वक सबैलाई स्वागत गर्नुहुन्थ्यो। बाहुनका देवता लाग्छन् भनेर मान्छे हत्तपत्त पूजाकोठा

छेउमा जाँदैनथे। त्यसैले हामीलाई खाने बस्ने व्यवस्था पूजाकोठा छेउमा मिलाई दिनुहुन्थ्यो। कहिलेकाहीँको हाम्रो बसाइ निकै लामो हुन्थ्यो।

२०३८ सालको कुरा हो, एकदिन हामी रेणुदेवी आमाको घरमा दिउँसै गएर सेल्टर लिएका थियौँ। साथमा मदन भण्डारी पनि हुनुहुन्थ्यो। शत्रुले देख्लान् भनेर त्यसो गरेका थियौँ। तर घरमा आमा हुनुहुँदो रहेनछ। साँझमा घाँसको भारी बोकेर आमा घर आउनुभयो। आउँदाआउँदै राती भएको थियो। घाँसको भारी बिसाएर घरभित्र पस्नुभयो। सन्ठीले बारेको सानो भुइँघर थियो। कुप्पी बाल्न झ्यालबाट हात छिराएर सन्ठी छाम्न थाल्नुभयो। हामी एकै ठाउँमा गुडुल्किएर बसेका थियौँ। छाम्दा आमाले मेरो टाउको भेट्नुभयो। 'मेरी आम्मै' भनेर आत्तिएर चिच्याउनु भयो। गाउँलेले थाहा पाउलान् भनेर हत्तपत्त मैले भनेँ– 'हामी हौँ आमा।'

सन्ठी सल्काएर आमाले राम्ररी हेर्नु भयो। हामी भुइँभरि बसेका थियौँ। बसेकै ठाउँबाट उहाँलाई 'आमा, नमस्ते' भन्यौँ। आमाका लागि सबै कमरेड नौला हुनुहुन्थ्यो। मलाई मात्र चिन्नुभयो। तर मैले आमालाई उहाँ फलाना भनेर चिनाइनँ। त्यसो गर्न भूमिगतकालीन पार्टी अनुशासनले दिँदैनथ्यो। त्यतिखेर आमाले हामीलाई स्नेह भरिएको स्वरमा भन्नुभयो– 'कठै, कतिखेरदेखि यसरी बसिरहेका छौ, भोक लाग्यो होला बाबु हो, के खान्छौ त अब ?'

भोक त के नलाग्नु, मज्जाले लागेको थियो। तर कामले लखतरान परेको आमाको अनुहार देखेर 'भोक लागेको छ आमा, भात पकाउनु न, खाऊँ' भन्न सकेनौँ। आमाले चिन्ने मै भएकाले भनेँ– 'भोक धेरै छैन आमा, फर्सी छ भने दिनुहोस्, आफैँ काटेर खान्छौँ। आमाले एउटा ठूलो पाकेको फर्सी दिनुभयो। काँक्राको चिराझै चिरेर कपाकप खायौँ। आमा एक भन्नु न दुई भन्नु हुनुभयो।

एकछिनपछि गहभरि आँशु पार्दै भन्नुभयो– 'यो के गरेको बाबुहरूले ? पकाएर खान दिइहाल्थेँ नि !'

मैले भनेँ– 'भर्खरै सिस्नाको खोले खाएर आएका, भोक नभएरै फर्सी खाने भनेका हौँ आमा।'

आमाको मन न हो, जति थाके पनि फेरि अर्को फर्सी काटेर तरकारी र भात पकाइदिनु भयो। हामीले खाइसक्दा रातको ११ बजेको थियो। बर्खाको समय थियो। बाटो हिलाम्य भएकाले लुगा हिलोमाटोले भिजेका थिए। खाना खाइसकेर सुत्ने बेलामा

हिलो लागेका लुगा फुकाल्यौँ र सुत्यौँ। सुटुक्क आमाले तिनलाई पानीले पखालेर बाहिर डोरीमा टाँगिदिनु भएछ। बिहान ब्यूँझदा आमा कोहीसँग बोल्दै हुनुहुन्थ्यो। कतै प्रहरी त आइपुगेनन् ? आँखा मिच्दै आमा कोसँग बोल्नु भएको होला भनेर आवाज ननिकाली सुनेँ। आमालाई ती मान्छेहरू सोध्दै थिए– 'आमा ! तपाईंको श्रीमान् हुनुहुन्छ ?'

आमाले भन्नुभयो– 'हुनुहुन्न, परारै बित्नु भयो।'

उनीहरूले भने– 'यी लुगा कसका त ?'

जवाफमा आमाले भन्नुभयो– 'उहाँकै हुन्। बाकसमा राखेकी थिएँ, छोराहरूले लगाउँछौँ भने। लौ लगाओ त भनेर झिकेकी, सबै ढुँडी परेछन्। हिजो बेलुका धोएर सुकाएकी।'

उनीहरूले भने– 'ल, ल, ठीकै छ। कोही नयाँ मान्छे आए भने भन्नू है।'

नभन्दै हामी त्यहाँ आएको गन्ध पाएर बिहान त टुप्लुक्क दुई जना प्रहरी घरबाहिर आएर बसिरहेका रहेछन्। आमालाई उठ्ने बित्तिकै केरकार गरेका रहेछन्। आमाले प्रहरीलाई जिल खुवाएको देखेर मदन त मरीमरी हाँस्नुभयो। हाँस्दै भन्नुभयो– 'धन्यवाद छ आमा, हामी यो कुरा कहिल्यै बिर्सन्नौँ।'

आमाले त्यसरी कुरा बनाउन नजानेको भए त्यसदिन ठूलो घटना घट्थ्यो होला।

त्यतिखेर हामी त्यहाँ पाँच दिन बस्यौँ। आमा खाना बनाएर खेत जानुहुन्थ्यो। आफैँ पस्केर खान्थ्यौँ। भान्साछेउमा माटाको भाँडो राखिदिनुभएको थियो। त्यसैमा चुठ्थ्यौँ। बेलुका आमा आउँदा टिलिक्क पारेर भाँडा माझेर राखिदिन्थ्यौँ। आमा बाहिरबाट ढोका लगाइदिएर जानुहुन्थ्यो। बेलुका आएर उघार्नु हुन्थ्यो। कसैले सेल्टर लिएको थाहा पाउँदैनथे। पाँचौँ दिनको राती सर्लक्क निस्केर हिँड्यौँ। १५ जनाको हुद्दा थियो। त्यहाँ बसेको चरामुसाले पनि थाहा पाएन।

**आमाको मनमा छाएको अछूत आतङ्क**

एकपल्टको कुरा हो, राजनीतिक काम सकेर म कृष्ण दाहालको घर इटहरी पुगेँ। म पुग्दा रात परिसकेको थियो। त्यतिखेर कृष्ण दाइकी आमासहितको परिवार इटहरीमै बस्थ्यो। त्यो पनि पार्टीको सहायक सेल्टर–घर थियो। त्यसदिन आमाले खाना पकाउनुभयो। पाकेपछि पस्किएर खान बोलाउनुभयो। चुलाकै छेउमा राखेर खुवाउनुभयो। खाना मीठोसँग खाएँ। खाएको थालबटुका उठाएर जुठेल्नोमा पुऱ्याएँ।

माझेर ओभानो ठाउँमा घोप्ट्याएँ। थालबटुका माझेको देखेपछि आमा अँध्यारी हुनुभयो। किन अँध्यारी हुनुभयो, थाहा भएन। म सरासर कृष्ण दाइको कोठामा गएँ। एकछिन आमाको अनुहार देखेर परिवारका अरु मान्छेले मुखामुख गर्नुभयो। कृष्ण दाइ झन् असहज हुनुभयो। मैले कुरो बुझ्न भनेँ– 'के भयो दाइ ? आमा अँध्यारी हुनुहुन्छ त ! सन्चो नभएको हो ?'

भएको के हो, केही बुझिरहेको थिइनँ। कृष्ण दाइले मलाई हप्काउँदै भन्नुभयो– 'खाएको थालबटुका जान्ने भएर किन मस्काएको ?'

मैले भनेँ– 'किन ? आफूले खाएको थालबटुका मस्काउने त कम्युनिस्ट पार्टीको संस्कार नै होइन र !'

उहाँले बिस्तारै भन्नुभयो– 'आमालाई तपाईं अछूतजस्तो लागेछ।'

कुरो सुनेर हाँस्दै भनेँ– 'हो र ?'

कृष्ण दाइले स्नेह मिसिएको स्वरमा भन्नुभयो– 'अबदेखि त्यसो नगर्नू है।'

कृष्ण दाइको मर्म बुझेर आमासँग कुरा गर्न गएँ। आमाले जिज्ञासा भरिएको स्वरमा भन्नुभयो– 'बाबु, कहाँको बराल हो ?'

कुन ठाउँको बराल हुँ, थातथलो कहाँ हो, कसको छोरो हुँ– सबै बताएँ। आमा अलि शान्त हुनुभयो। छोराले त्यस्तो केही गरेको रहेनछ भनेर बल्ल आमा खुसी हुनुभयो। म पनि खुसी भएँ। त्यतिखेर इटहरीमा कम्युनिस्ट पार्टीलाई स्वीकार्ने मान्छे धेरै थिए। तर कम्युनिस्ट संस्कार जान्दैनथे। पुरानो जड मान्यता नै मानिरहेका थिए। पछि त धेरै घरका आमाहरूले कम्युनिस्ट संस्कार बुझ्न थाल्नुभयो। त्यही सहजतामा टेकेर परिवर्तनका कुरा गर्न थालेँ। राजनीतिक र सामाजिक सुधारमा पार्टीले लिइरहेको नेतृत्व र नीतिका विषयमा छलफल गर्न थालेँ।

मोरङ जिल्लाको रतुवामाई नगरपालिका वडा नं. ७ साबिक सिजुवाको वस्ता टोलमा चन्द्र उप्रेतीको घर थियो। त्यो पनि हाम्रो एउटा सुरक्षित आश्रयस्थल थियो। बस्तीको पुछारमा वरिपरि चार दाजुभाइका घर थिए। सबै घर राजनीतिक सम्पर्कले सचेत भइसकेका थिए। त्यसैले त्यस घरलाई पार्टीले ढुक्कसँग आश्रयस्थलका रूपमा प्रयोग गर्थ्यो। २०३५ सालदेखि २०४६ सालसम्म पार्टी गतिविधिको सुरक्षित आश्रयस्थल त्यो घर पनि बन्यो।

## अन्नमा भन्दा सन्नमा जोड दिने हजुरआमा

आमा छलमाया उप्रेतीको छहारीमा हुर्केको त्यो परिवारका चन्द्र, प्रजापति, मेधनी र प्रभाख मात्र होइन, बुहारीहरू देवी, गङ्गा, अम्बिका र रीता पार्टीको सुरक्षामा हरदम तैनाथ रहनुहुन्थ्यो। दुई–तीन हलगोरु नार्ने त्यो परिवारमा सानोतिनो मिटिङ, बैठक र भेलाका लागि अन्नपातको अभाव हुँदैनथ्यो। तर कहिलेकाहीँ आउने सूचना नदिई नेताहरूको ठूलो हुल लिएर हामी घरमा पुग्थ्यौँ। त्यसबेला भने ठूलो परिवारको चुलो सम्हालेर बस्नुभएकी हजुरआमालाई पाहुनाको पेट भर्न हम्मे पर्थ्यो। भोकैप्यासै आएका नेताहरूलाई तुरुन्तै ८/१० वटा थालमा भात पस्कनुपर्दा आमा फेरि भात बान लगाउनु हुन्थ्यो र ठेकीबाट सिल्भरे आरीमा मोही सार्नुहुन्थ्यो। झर्के बटुकामा मोही हाल्दै उहाँ भन्नुहुन्थ्यो– 'बाबुहरू आज अन्नमा होइन, सन्नमा जोड दिनू, ल !'

तिहुन नभए पनि आमाको त्यो गुलियो वचनले पस्केको भात मोहीसँग मुछथ्यौँ। बुकुल्टो भयो भने मोहीको सितन थप्थ्यौँ। त्यसमा अलिकति नुन छर्किएर मिठोसँग खान्थ्यौँ। भूमिगतकालमा सेल्टरदाताका पनि आ–आफ्ना समस्या हुन्थे। त्यो हामी मज्जाले बुझ्थ्यौँ।

## पेस्तोल पड्किएको सन्तलालको सेल्टर–घर

२०४० सालतिरको कुरा हो, सुनसरी र मोरङका अगुवा कार्यकर्ताहरूको दुईदिने आवासीय प्रशिक्षणको व्यवस्था गर्ने जिम्मा पार्टीले मलाई दियो। आधार इलाकाजस्तै पार्टी काम भएका मधेली पञ्चायतको नरभासा गाउँमा त्यो कार्यक्रम गर्ने निर्णय भयो। त्यो गाउँ शतप्रतिशत चौधरी समुदायको बाक्लो घानी थियो। सन्तलालको भाइ–बुहारी सोनाको घरलाई उपयुक्त ठानेर त्यहाँ कार्यक्रम गर्ने निधो गरेँ। उहाँको घर बाँसघारीको बगैँचाको बीचमा थियो। सन्ठीको टाटीले बेरेर बनाएको त्यो घरलाई बाँसझ्याङको अँगालोले पूरै छेकिदिन्थ्यो। ३०–४० जना मान्छे मज्जाले अटिन्थ्यो। सुनसरी, मोरङका दुइ दर्जनजति अगुवा कार्यकर्ता थियौँ। प्रमुख वक्ताका रूपमा कमरेड सागर (मदन)लाई बोलाएका थियौँ।

साँझ परेपछि सहयात्री कमरेडहरू आउन थाल्नुभयो। त्यही बेला कमरेड सागर र राजेश बान्तवा पनि आउनुभयो। आइपुग्नेबित्तिकै सागरले मलाई सामान्य हालचाल र कार्यक्रमको तयारीबारे सोध्नुभयो। मैले भएको तयारीबारे सबै भनेँ। कार्यक्रमस्थल पनि देखाएँ। उहाँले सर्सरी हलको निरीक्षण गर्नुभयो। त्यसपछि बाहिर निस्किएर वरिपरिको सुरक्षा पनि निरीक्षण गर्नुभयो। त्यसपछि 'ल ठीक रहेछ' भन्दै कार्यक्रमस्थलतिर छिर्नुभयो।

रात छिप्पियो। आउनु पर्ने कमरेडहरू पनि आउनु भयो। सबै कमरेडहरूले चाँडोचाँडो खाना खायौँ। साढे आठ बजे कार्यक्रम सुरु भयो। सहिदहरूप्रति मौनधारण गरी अन्तर्राष्ट्रिय गीत गायौँ। त्यसबेला अहिलेको जस्तो तामझाम गरेर उद्घाटन गर्ने अनुकूलता थिएन। मैले छोटकरीमा सबैलाई स्वागत गरेँ। कमरेड राजेशले कार्यक्रमको औचित्यका बारेमा प्रस्ट पार्नुभयो। सागरले प्रशिक्षण दिन थाल्नुभयो। करिब रातको ११ बजेको थियो।

त्यतिखेर सुनसरी जिल्ला कमिटीसँग हतियारका नाममा दुईवटा पेस्तोल थिए। एउटा कटुवा बेस्तोलमा दु–टु गनका गोली लाग्थ्यो भने अर्को जर्मन मेडचाहिँ १ पटकमा १ गोली जाने पेस्तोल थियो। त्यसमा सानो बेट्रीजत्रो गोली लाग्थ्यो। त्यो प्रयोगहीनजस्तै थियो। तर पनि जनतालाई आश्वस्त बनाउन र सशस्त्र सङ्घर्ष गर्ने पार्टी हो भनेर देखाउन पनि घरीघरी प्रदर्शन गर्थ्यौं। धेरै जसोचाहिँ नेताहरूको सुरक्षाका लागि हतियार राख्ने गरेका थियौँ। के पर्छ, कसो पर्छ भनेर मैले बिहारका साथीहरूसँग सम्पर्क गरी दुईवटा गोली ल्याएर खुसुक्क सर्वध्वज सावाँलाई दिएँ। सुरक्षाको जिम्मेवारी उहाँकै थियो। एकछिनपछि राजेशसँग 'म बाहिर गार्ड कमरेडहरूको अवस्था के रहेछ, जाँचबुझ गरी आउँछु' भनेर अनुमति मागेर सर्वध्वज निस्कनुभयो। त्यसको एकछिनमै बन्दुक पड्किएको आवाज आयो। त्यो पड्किँदा एकछिन चकमन्न भयो।

गार्डहरूलाई खतरा भए हुचिलको आवाज हातले फुकेर सङ्केत गर्ने भन्ने थियो। चारैतिरका गार्डहरूले त्यही आवाज निकालेर इसारा गरे। भित्र हामी लालटिन बालेर बसेका थियौँ, झ्याप्पझुप्प निभायौँ। हलभित्रको सामान्य आवाज पनि बन्द भयो। शत्रुका घेरामा परियो भन्ने लाग्यो। त्यतिखेरै म दौडेर कार्यक्रमस्थल बाहिर गएँ। गार्ड कमरेडहरू पनि दौडेर कार्यक्रमस्थल नजिक आउनुभयो। त्यसमध्येका सर्वध्वज सावाँ एक्कासि आएर मसँग ठोक्किनु भयो। सास बढेर उहाँ स्वाँ स्वाँ गरिरहनु भएको थियो।

मैले केही भन्नुअघि नै उहाँले डराउँदै भन्नुभयो –'प्राविधिक मिस्टेकले हाम्रै पेस्तोल पड्किएको हो, कसैलाई केही भएको छैन गुरु कमरेड।'

सुरक्षा टोलीलाई आ–आफ्नै ठाउँमा बस्न निर्देशन दिएर सर्वध्वजसँग कार्यक्रम स्थलभित्र छिरेँ। हलभित्र सबै कमरेडहरू उठेर छ–छ जनाको चार समूह बनाएर उभिनुभएको रहेछ। कसैको अनुहारमा केही त्रासजस्तो थियो। कसैको अचम्मितजस्तो थियो। कमरेड सागर एकदम लड्ने मुडमा हुनुहुन्थ्यो।

गोली पड्केलगत्तै जुरुक्क उठेर सागरले भन्नुभएछ– 'कोही नआत्तिनोस्, आत्तिएर शत्रुसँग मुकाबिला गर्न सकिन्नँ, को–को सँग खुकुरी छ, अगाडि आउनोस् ।'

छ जना कमरेडसँग हतियार रहेछ । उहाँहरू अगाडि आएपछि चार जनालाई एक–एक कुनामा उभ्याएर पाँच–पाँच जनालाई पछिपछि लाग्न भन्नुभएछ । उहाँ एकैचोटि शत्रुहरूको घेराबन्दीबाट चारैतिर भाग्ने निर्देशन दिंदै हुनुहुन्थ्यो, म भित्र पस्दा ।

हलभित्र छिरेपछि उहाँले मलाई आँखाका इसाराले 'के भएको हो ?' भनेर सोध्नुभयो। मैले पनि इसारामै 'केही पनि भएको होइन' भनेँ। त्यसपछि शत्रुसँग जाइहाल्ने पोजिसनबाट सबै जना सामान्य अवस्थामा आउनुभयो ।

त्यसपछि मात्र सागरले गम्भीर हुँदै सोध्नुभयो– 'के पड्केको हो ?'

सर्वध्वजले पनि नढाँटीकन भन्नुभयो– 'झुक्किएर हाम्रो पेस्तोल पड्कियो कमरेड ।'

त्यसपछि उहाँले सबै कमरेडहरूलाई 'बस्नोस्' भन्नुभयो । सबै बसेपछि उहाँ पनि बस्नुभयो । तर सर्वध्वज उभिइनै रहनुभयो । अब कारबाही हुन्छ भनेर निकै आत्तिनुभयो ।

सागरले फेरि सोध्नुभयो– 'ल राम्ररी भन्नोस् के भएको हो ?'

सर्वध्वजले सबै कुरा जस्ताको तस्तै बताइदिनु भयो । भएको के रहेछ भने उहाँसँग भएको गोली पड्काउने आतुरता उहाँलाई जागेछ। त्यो कौतूहलले बाहिर निस्कनु भएको रहेछ। चारैतिरका गार्ड कमरेडरुको अवस्था ठीकठाकै भएकाले सतर्क रहन आदेश दिएर कार्यक्रम हलको पश्चिमपट्टि करिब दुई सय फिटजति परको आँपको ठूलो रुख भएको बारीमा पुग्नुभएछ ।। एकान्तमा पुगेपछि गोलीले उहाँलाई झन् पोलेछ। पेस्तोल पड्काऊँ कि नपड्काऊँ भनेर निकै दोधारमा पर्नुभएछ । कसरी पड्किंदो रहेछ, कत्रो आवाज आउँदो रहेछ भन्ने कौतूहलले अन्त्यमा उहाँको धैर्यको बाँध तोडिएछ। त्यसपछि कम्मरमा घुसारी राखेको पेस्तोल निकालेर मैले दिएको गोली लोड गर्नुभएछ र एउटा आँपको बोटलाई ताकेर ट्रिगर तान्नुभएछ । त्यसपछि ड्याम्म पड्किएको रहेछ पेस्तोल ।

सागरले कार्यक्रमको आयोजक भएर त्यसो गर्न नहुने, अनुशासनभित्र नपर्ने काम गरेको, केटाकेटीपना देखाएको, गम्भीर गल्ती गरेकाले कारबाहीमा पर्ने कुरा गर्दै हललाई सोध्नुभयो– 'तपाईंको राय के छ कमरेडहरू ?' हलका कमरेडहरूले भन्नुभयो– 'मनको

कौतूहलले गर्दा त्यस्तो हुन गएको रहेछ, आत्मालोचनासम्म गराएर कारबाही नगरौँ।' त्यसो भन्नुभएपछि सागरले फेरि भन्नुभयो– 'ल, गम्भीर आत्मालोचना गर्नोस्।' सर्वध्वजले राम्ररी आत्मालोचना गर्नुभयो। त्यसपछि पुनः कार्यक्रम सुरु भयो।

माथि उल्लेख गरिएका बाहेक पनि हामीले सम्झिनुपर्ने धेरै सेल्टर र सेल्टरदाताहरू छन्। ती हुन्– रमितेमा रहेका हस्तबहादुर राई, लालबहादुर राइको घर। टाढीमा रहेको शान्ता राई, विजय राई, गम्भीर प्रधान, अर्थबहादुर राई र तिलक बान्तवाको घर। मधुमल्लामा रहेको कालीप्रसाद काफ्लेको घर। मङ्गलबारेको चन्द्रप्रसाद गौतमको घर। सुनझोडामा ईश्वरी कोइराला, नगेन्द्र धिमाल, गोपाल कोइराला, अमृत बस्नेत, भक्तबहादुर राईको घर। त्यस्तै लेटाङमा युवनाथ पौडेल, धनजीत तामाङ, रामकुमार पुलामी मगर, सखर प्राखिन, सावित्रा सुवेदी राई, चन्द्रप्रसाद गौतम, दुर्गा गौतम भण्डारी र इन्द्रप्रसाद खतिवडाको घर। केराबारीमा खड्ग बस्नेतको घर। सुन्दरपुर दुलारीमा ज्ञानेन्द्र ओझा, राधा सिक्तेल, नूतनदेव गौतम, शारदा पोखरेल, नरप्रसाद दाहाल, चन्द्रमाया सुब्बा, पवन खवासको घर। लोचनीमा रहेको रामचरण चौधरीको घर। मिर्गौलियामा हरि घिमिरे र नन्दकुमार सुवेदीको घर। खोर्सानिका चन्द्रबहादुर गुरुङ, लक्ष्मी आचार्यको घर। राजघाटमा मुक्तिनाथ बराल र सूर्य गुरागाईंको घर। इटहराका बर्तबहादुर राई, राधेश्याम पौडेल, हरिप्रसाद लुइँटेल, सुरेन्द्र कुथुमी राई, पृथ्वीबहादुर प्रधान, देवीप्रसाद दाहालको घर। सौठामा कुमार निरौला र गन्जबहादुर राईको घर। कोहबरामा मधुसूदन न्यौपानेको घर। विराटनगरमा सुवोध प्याकुरेल, लव प्रधान, बमबहादुर खड्का, जेबी राईको घर र जेबी टुहुरेको शान्तिशीतल लज, इटहरीमा योगमाया सुवेदी, लेखनाथ गौतम र ओम कोइरालाको घर आदि सयौँ घरहरू।

समृद्धिको लक्ष्य बोकेर पार्टी अघि बढिरहेको अवस्थामा सेल्टरदाताको इतिहास कसैले बिसर्नु हुँदैन। व्यस्तताभित्रबाट पनि फुर्सद निकालेर उनीहरूको हालखबर सोध्न पुराना सेल्टर–घर पुग्नुपर्छ। यो उहाँहरूको निम्ति गरिएको एउटा सम्मान हुनेछ। ●